## तलकोट गाउँपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाबाट सञ्चालित योजनाहरुमा योजना निर्माणमा प्रयोग हुने वाह्य सामाग्रीहरु खरिद तथा ढुवानी कार्य

# BILL OF QUANTITY

**सिलबन्दी दरभाउपत्र नं.: समूह ख २/२०८२/८३**

Scanned with CamScanner

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०१/१६**

तलकोट गाउँपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाबाट सञ्चालित तपसिल बमोजिमका योजनाहरुका लागि परियोजनाको खरिद निर्देशिका बमोजिम योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्री, पाइप, फिटीङ्गस्, औजार आदी खरिद गरी चैनपुरसम्म ढुवानी गर्नुपर्ने भएकोले उक्त योजनाहरुका संयुक्त खरिद समितिले तपसिल बमोजिमको शर्तहरू अधिनमा रहि दरभाउपत्र फाराममा उल्लेख गरिएको परिमाण तथा तोकिएको स्पेसिफिकेशन गुणस्तर र तौल अनुसार सामग्री आपूर्ति गर्न ईच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका सप्लायर वा फर्महरूबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरुः**

१. ईच्छुक सप्लायर वा फर्मले विभिन्न आवश्यक निर्माण सामग्री, पाइप, फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र फारम सम्बन्धित तलकोट गाउँपालिकाको कार्यालयबाट, तलकोट गाउँपालिकाको www.talkotmun.gov.np तथा परियोजनाको www.laccp.org.np वेबसाइटबाट प्राप्त गर्न सकिनेछ ।

२. दरभाउपत्र पेश गर्दा तपसिल बमोजिमको फारम दस्तुर (पछि फिर्ता नहुने) तलकोट गाउँपालिकाको एभरेस्ट बैंक लिमिटेड, तलकोट शाखामा रहेको ग.१.१ तलकोट गाउपालिका आन्तरिक राजश्व खाता नं. ०७९००१०६२००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा राजश्व शाखा सुत्रमा जम्मा भएको सिर्जित सक्कल भौचर सहित फर्म वा सप्लायरको लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र सहित यो सूचना प्रकाशित भएको मितिले १६औं दिन (मिति २०८३/०१/३१) को दिउसो १२:०० बजे भित्र तलकोट गाउँपालिकाको कार्यालय वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्राविधिक सहयोग एकाई (क्लस्टर कार्यालय) चैनपुर वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग एकाई बिरेन्द्रनगर सुर्खेतमा पेश गरि सक्नु पर्नेछ। दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरू, पाइप तथा फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा उल्लेख गर्नुपर्नेछ।

३. सिलवन्दी दरभाउ पत्र पेश गर्दा

क) सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ ।

ख) हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौं) दिनको दिउसो १२:०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४. सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिहरुको गोदाम चैनपुरमा ढुवानी भई प्राविधिक चेकजाँच भएपछि मात्र हुनेछ । यसैले बोलपत्र सम्बन्धि धरौटी तथा बैंक जमानतको आवश्यकता पर्ने छैन।

५. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु गाउँपालिकामा संकलन गरीसकेपछि अर्को सूचना प्रकाशित गरि गाउँपालिकाको कार्यालयमा उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरू, गाउँपालिकाका कार्यालयका प्रतिनिधिहरू, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्रतिनिधिहरू र दरभाउपत्रदाताहरू वा निजहरूको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

६. दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र दर्ता गरिने वा खोलिनेछ ।

७. दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८. दरभाउपत्र फाराममा तोकिएका लेख्ने स्थानहरू बाहेक, अन्यत्र कुनै पनि थप नोट, संकेत तथा कुनै जानकारी लेख्न पाइने छैन।

९. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

१०. दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरूमा सुरक्षित रहनेछ ।

११. अन्य शर्तहरू परियोजनाको सामुदायिक खरिद कार्यविधि २०८२ बमोजिम हुनेछ । थप शर्तहरू दरभाउपत्र फारम साथै संलग्न गरिएको छ ।

१२. यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना गाउँपालिकाको सूचना पाटीमा जानकारी गरिनेछ ।

१३. अन्य थप जानकारी चाहिएमा तलकोट गाउँपालिका, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना कार्यान्वयन एकाई तलकोटमा सम्पर्क गर्न सकिनेछ ।

<u>तपसिल</u>

| सिलबन्दी दरभाउपत्र नं. | योजनाको नाम | अनुमानित लागत मु.अ.क. बाहेक | सिलबन्दी दरभाउपत्र खरिद दस्तुर | ढुवानी गर्नुपर्ने स्थान |
|---|---|---|---|---|
| समूहक १/२०८२/८३ | संयुक्त खरिद समिति (दातोला खा.पा., डोडपाटिला धौडा खा.पा. र सिकिनेरी ख.पा. योजना) | ८८,२०,६१०.४६ | ३,००० | चैनपुर |
| समूहख २/२०८२/८३ | संयुक्त खरिद समिति (असेसाइन सिंचाइ, वयलपाल सिचाइ योजना) | ३६,२१,८७५.७७ | ३,००० | चैनपुर |

**संयुक्त खरिद समिति**

Scanned with CamScanner

## सिलबन्दी दरभाउपत्रका थप शर्तहरु

तलकोट गाउँपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना अन्तर्गत तलकोट गाउँपालिकाका विभिन्न वडाहरुमा सञ्चालन हुने तपसिलमा उल्लेख भएका योजनाहरुको लागि स्वीकृत लागत अनुमान बमोजिमका विभिन्न निर्माण सामग्रीहरु, पाइप तथा फिटिङ्गस् एवम् औजारहरु सप्लाई गर्नको लागि मिति २०८३/०१/१६ मा धनगढीबाट प्रकाशित सुदूर सन्देश, राष्ट्रिय दैनिक पत्रिका, तलकोट गाउँपालिकाको वेभसाईट www.talkotmun.gov.np, परियोजनाको वेभसाईट www.laccp.org.np मा प्रकाशित सूचना वमोजिम दरभाउपत्र पेश गर्न योग्यता पुगेका ईच्छुक दरभाउपत्रदाताहरुलाई सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त सामग्री सप्लाई गर्दा निम्न वमोजिमका प्रावधानहरु रहेको व्यहोरा सूचित गरिन्छ ।

१. सामग्री सप्लाई गर्दा सप्लायरले चैनपुरमा रहेको उपभोक्ता समितिको गोदामसम्म ढुवानी गर्नुपर्ने भएकोले दररेट उल्लेख गर्दा ढुवानी दर स्पष्टसंग वा सामग्रीको दररेटमा जोड्नुपर्ने भएमा सामग्रीको दररेटमा नै ढुवानी हुने भनि उल्लेख गर्नुपर्नेछ । उपभोक्ता समितिवाट अतिरिक्त ढुवानी भाडा भुक्तानी हुनेछैन । उपभोक्ता समितिसँग सम्झौता भएको मितिले ३० दिन भित्रमा सवै सामग्री ढुवानी भैसक्नुपर्नेछ ।

२. दरभाउपत्रमा लेख्ने स्थान उपलव्ध गराईएको वाहेक अन्य स्थानमा लेख्न वा तोकिएको स्थान बाहेक अन्य स्थानमा कैफियत जनाई कुनै कुरा लेख्न पाइनेछैन ।

३. सप्लाई गरिएको सामग्रीहरु संलग्न परिमाण, गुणस्तर र तौलको हुनुपर्नेछ । सामग्री ढुवानी गर्नुपूर्व प्राविधिकले सामग्रीको जाँच गर्नेछन् । यदि सामान सप्लाई भैसकेपछि समेत प्राविधिकले जाँच गर्दा स्पेसिफिकेशन तथा गुणस्तर वमोजिम नरहेको पाइएमा उक्त सामान विना कुनै अतिरिक्त शुल्क सप्लायरले फिर्ता लगी स्पेसिफिकेशन बमोजिमको सामग्री सोही स्थानमा उपलब्ध गराउनु पर्नेछ ।

४. सामान सप्लाई गर्नु भन्दा पहिले प्राविधिकवाट सामग्री जाँच भै प्रतिवेदन पेश गरेपछि मात्र उपभोक्ता समितिले सप्लायरलाई प्रमाणित सामानको भुक्तानी चेक मार्फत गर्नेछ । सामग्री खरिद वापत उपभोक्ता समितिले कुनै प्रकारको पेश्की दिने छैन ।

५. सप्लाई गरिने सवै सामानहरु नेपालमा उत्पादितको हकमा नेपाल गुणस्तर NS र भारतमा उत्पादित सामग्रीको हकमा IS चिन्ह अंकित हुनुपर्नेछ । सप्लाई गर्नुपर्ने सामग्रीहरुको स्पेशिफिकेशन तथा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, निर्माण सामग्रीकोको गुणस्तर तथा स्पेसिफिकेशन हाते पुस्तिका विवरण (२०२५) यसै साथ संलग्न छ ।

६. सामग्रीको दर अंकित गर्दा नेपाली रुपैयामा अंक र अक्षर दुवैमा विना केरमेट लेख्नुपर्नेछ । अंकमा लेखिएको दर अस्पष्ट भएमा वा अंक र अक्षरमा रकम फरक भएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

७. दरभाउपत्र पेश गर्ने सप्लायरले खरिद समितिले प्रमाणित गरेको परिमाण सूची (Bill of Quantities) मा मात्र दरभाउ पेश गर्नुपर्नेछ । अन्य कागजमा भरिएको दरभाउपत्रलाई मान्यता दिइनेछैन ।

८. सामान सप्लाई गर्दा नियमानुसार लाग्ने सवै करहरु सप्लायरले नै तिर्नुपर्नेछ । रकम भुक्तानी गर्दा अग्रीम आयकर वापत १.५ प्रतिशत कर कटाई भुक्तानी गरिनेछ वा सप्लायरले सो रकम वरावर राजश्व कार्यालयमा बुझाएको रसिद पेश गर्नुपर्नेछ ।

Scanned with CamScanner

९. उपभोक्ता समिति उल्लेख गरेको वाहेक सप्लायरले अन्य कुनै शर्तहरु राख्न पाउने छैन ।

१०. दरभाउपत्रको साथमा फर्मको अघिल्लो आ.व. को नविकरण गरिएको दर्ता प्रमाणपत्र, भ्याट दर्ता र अद्यावधिक आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

११. छनौट भएको सप्लायरलाई उपभोक्ता समितिले निर्णय गरेको मितिले **तीन दिन** भित्र सो को जानकारी दिनेछ । जानकारी प्राप्त भएको **सात दिन** भित्र सम्झौता सम्पन्न गर्नु पर्नेछ र सम्झौता भएको **तीन दिन** भित्र समितिले कार्यादेश दिनेछ ।

१२. सप्लायरले सूचना प्रकाशित गर्ने उपभोक्ता समितिहरुसंग अलग अलग सम्झौता गरी सामग्री सप्लाई गर्नेछ र सामग्री सप्लाई भए वमोजिम नै सम्बन्धित समितिवाट अलग अलग भुक्तानी हुनेछ ।

१३. सम्झौता भएको मितिले ३० दिन भित्र सम्पूर्ण सामग्रीहरु तोकिएको स्थानमा सप्लाई गर्न नसकेमा वा सप्लाई हुन नसक्ने अवस्था देखिएमा उपभोक्ता समितिले कुनै पनि क्षतिपूर्ति बिना नै सम्झौता रद्द गर्न सक्नेछ ।

१४. छनौट भएको सप्लायरले सम्झौता गर्न नमानेमा वा सम्झौता भईसकेपछि पनि तोकिएको समयमा सामग्री ढुवानी नगरी योजनाको काममा उल्लेख्य रुपमा ढिलाई भई परियोजनाको प्रगतिमा असर परेमा उपभोक्ता समितिले त्यस्तो सप्लायरलाई कालो सूचीमा राखी भविष्यमा परियोजना अन्तर्गतका कुनै पनि जिल्ला गाउँपालिका/नगरपालिका योजनाहरुमा सिलबन्दी दरभाउपत्र पेश गर्न अयोग्य ठहर गर्न जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग एकाईलाई सिफारिस गर्नेछ ।

**समूह क**

१. दातोला खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, तलकोट-७ गाउँपालिका, बझाङ

२. डोडपाटिला धौडा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, तलकोट-३ गाउँपालिका, बझाङ

३. सिकिनेरी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, तलकोट-३ गाउँपालिका, बझाङ

**समूह ख**

१. असेसाइन सिंचाइ योजना उपभोक्ता समिति, तलकोट-१ गाउँपालिका, बझाङ

२. वयलपाल सिंचाइ योजना उपभोक्ता समिति, तलकोट-२ गाउँपालिका, बझाङ

Scanned with CamScanner

**तलकोट गाउँपालिका, जलवायु परिवर्तन स्तानीय अनुकूलन परियोजनाबाट संचालित सिंचाइ योजनाको बाह्य निर्माण सामाग्रिहरु सप्लाई तथा ढुवानी कार्य**

# BILL OF QUANTITY

तपसिल बमोजिमको दररेटमा निर्माण सामाग्रिहरु सप्लाई तथा रोडहेड सम्म ढुवानी कार्य गर्न मंजुर गर्दछु। लागत अनुमान (मुल्य अभिवृद्धि कर बाहेक) **३६२१८७५.७७**

| सि.नं. | विवरण | इकाई | परिमाण | दर | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | |
| **क** | **निर्माण सामाग्री** | | | | | |
| १ | सिमेण्ट | ब्याग | १४३०.०० | | | |
| २ | डण्डी (१० मी. मी.) | केजी | १५९९२.९० | | | |
| ३ | डण्डी (६ मी. मी.) | केजी | १२.५९ | | | |
| ४ | बाइण्डिङ वायर | केजी | १५२.३१ | | | |
| ५ | जि. आइ. वायर (१२ एस.डब्लु.जि.) | केजी | ३५.६५ | | | |
| ६ | कुखुरे जाली | मी | २६.७४ | | | |
| ७ | फलामे किल्ला | केजी | २८.७८ | | | |
| ८ | वाटर पुरुफ प्लाइ वुड (१२ मि.मि.) | व.मि. | २११.०३ | | | |
| **ख** | **जि.आई. पाइप** | | | | | |
| १ | जि.आइ. पाइप (१-१/२")-(मिडिएम) | मी | १.९५ | | | |
| २ | जि.आइ. पाइप (२")-(मिडिएम) | मी | २.३० | | | |
| **ग** | **फिटिङ तथा भल्भ** | | | | | |
| १ | जि.आइ. एल्वो (२") | गोटा | २.०० | | | |
| २ | जि.आइ. निप्पल-१०० मीमी निप्पल (१-१/२") | गोटा | २.०० | | | |
| ३ | जि.आइ. सकेट (२") | गोटा | १.०० | | | |
| ४ | जि.आइ. एण्ड प्लग (२") | गोटा | १.०० | | | |
| ५ | ब्रास गेट भल्भ (१-१/२") | गोटा | १.०० | | | |
| ६ | पोलिथिन/जि.आइ. फ्लेन्ज (३२ मीमी–१") | गोटा | १.०० | | | |
| ७ | ब्रास युनियन (५० मीमी–१-१/२") | गोटा | २.०० | | | |
| **घ** | **औजार** | | | | | |
| १ | हिटिङ प्लेट (६") | गोटा | २.०० | | | |
| २ | ह्याक श फ्रेम | गोटा | ४.०० | | | |
| ३ | ह्याक श ब्लेड | गोटा | ४०.०० | | | |
| ४ | स्लाइड रेञ्च (१०") | गोटा | ४.०० | | | |

हस्ताक्षर :
सप्लायर्सको नाम :
ठेगाना :
मिती :

छाप:



Scanned with CamScanner

| सि.नं. | विवरण | इकाई | परिमाण | दर | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | |
| ५ | कम्बिनेसन प्लाएर | गोटा | ४.०० | | | |
| ६ | साबेल | गोटा | १६.०० | | | |
| ७ | पिक एक्स | गोटा | १६.०० | | | |
| ८ | क्रो बार (३२मि.मि. १"–५") | गोटा | ६.०० | | | |
| ९ | क्रो बार (१"–४") | गोटा | ६.०० | | | |
| १० | स्लेज ह्यामर (१० पाउण्ड) | गोटा | १२.०० | | | |
| ११ | स्लेज ह्यामर (१/२ पाउण्ड) | गोटा | १२.०० | | | |
| १२ | स्टोन कटर ह्यामर | गोटा | १२.०० | | | |
| १३ | चिजल (१"–६") | गोटा | ८.०० | | | |
| १४ | चिजल (१"–२४") | गोटा | ४.०० | | | |
| १५ | बिल्डिङ ट्रवेल | गोटा | ८.०० | | | |
| १६ | प्वाइण्टिङ ट्रवेल | गोटा | ८.०० | | | |
| १७ | फिनिसिङ ट्रवेल | गोटा | ८.०० | | | |
| १८ | प्लम्ब बब लाइन | गोटा | ४.०० | | | |
| १९ | स्टील कैंची | गोटा | ४.०० | | | |
| २० | स्पिरिट लेभल | गोटा | ४.०० | | | |
| २१ | क्ल ह्यामर | गोटा | ४.०० | | | |
| २२ | मेसन स्क्वाएर | गोटा | ४.०० | | | |
| २३ | स्क्रु ड्राइभर सेट | गोटा | २.०० | | | |
| २४ | वाल्टिन (स्टील) | गोटा | ८.०० | | | |
| २५ | मिजरिङ टेप-३ मी | गोटा | ४.०० | | | |
| २६ | मिजरिङ टेप-३० मी | गोटा | २.०० | | | |
| २७ | स्टील कराही | गोटा | २०.०० | | | |
| २८ | मेसन डोरी | गोटा | ८.०० | | | |
| २९ | स्टील ब्रश | गोटा | ८.०० | | | |
| ३० | नरम ब्रश (४") | गोटा | ४.०० | | | |
| ३१ | वालुवा छान्ने जाली | गोटा | ८.०० | | | |
| ३२ | त्रिपाल | गोटा | ८.०० | | | |
| ३३ | प्लेन सिट | गोटा | ४.०० | | | |

हस्ताक्षर :
सप्लायर्सको नाम :
ठेगाना :
मिती :

छाप:



Scanned with CamScanner

| सि.नं. | विवरण | इकाई | परिमाण | दर | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | |
| ३४ | कोदालो | गोटा | २०.०० | | | |
| ३५ | सुरक्षा हेलमेट | गोटा | ३०.०० | | | |
| ३६ | सुरक्षा जाकेट | गोटा | ३०.०० | | | |
| ३७ | गम बुट | गोटा | ३०.०० | | | |
| ३८ | प्राथमिक उपचार किट | गोटा | २.०० | | | |
| ३९ | कटन पन्जा | गोटा | ३०.०० | | | |
| ४० | मेडिकल मास्क | प्याकेट | ४.०० | | | |
| **ङ** | **ढुवानी** | | | | | |
| | साधनबाट ढुवानी चैनपुरसम्म | केजी | ८८१८९.३५ | | | |
| | **जम्मा** | | | | | |
| | **मुल्य अभिबृद्धि कर १३ प्रतिशत** | | | | | |
| | **कुल जम्मा** | | | | | |

हस्ताक्षर :
सप्लायर्सको नाम :
ठेगाना :
मिती :

छाप:



Scanned with CamScanner